बर्जु गाउँपालिका, सुनसरीद्वारा प्रकाशित

# बर्जु राजपत्र

खण्डः ८ संख्याः १ मितिः २०८२/०९/२८

## भाग-२

## बर्जु गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बर्जु गाउँपालिकाबाट सर्वसाधारणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ।

कार्यपालिकाबाट पारित मितिः २०८२/०९/२३

प्रमाणिकरण मितिः २०८२/०९/२८

# माध्यमिक /उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८२

बर्जु गाउँपालिका, सुनसरीमा आर्थिक तथा सामाजिक रूपले पछि परेका समुदाय तथा अपाङ्गता भएका र प्राविधिक विषयमा उच्च शिक्षा लिइरहेका विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न बर्जु गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को वार्षिक स्वीकृत बार्षिक कार्यक्रमको कार्यान्वयन गर्न बान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बर्जु गाउँपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : यस कार्यविधिको नाम माध्यमिक/उच्च शिक्षा छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८२ रहेको छ । यो कार्यविधि बर्जु गाउँपालिकाको गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क. "माध्यमिक / उच्च शिक्षा " भन्नाले कक्षा ११/१२ र स्नातक वा सो सरहको तहदेखि सो भन्दा माथिको तहको शिक्षा सम्झनु पर्छ ।

ख. "गाउँपालिका" भन्नाले बर्जु गाउँपालिका, सुनसरी सम्झनुपर्छ ।

ग. "छात्रवृत्ति" भन्नाले यस कार्यविधि बमोजिम विद्यार्थीलाई गाउँपालिकाले प्रदान गर्ने छात्रवृत्ति सम्झनु पर्छ ।

घ. "लक्षित समूह" भन्नाले सम्बन्धित स्थानीय तहको सिफारिस बमोजिम आर्थिक तथा सामाजिक रूपले पछि परेका समुदाय वा अपाङ्गता भएका विद्यार्थी सम्झनु पर्छ ।

३. **छात्रवृत्ति वितरण गरिने** :

१. लक्षित समूहका विद्यार्थीलाई उच्च शिक्षामा पहुँच अभिवृद्धिका लागि यस कार्यविधि बमोजिम छात्रवृत्ति वितरण गरिनेछ ।

२. उपदफा १ बमोजिम छात्रवृत्ति वितरण गर्दा तपसिलमा उल्लेखित वर्ग तथा समुदायका लागि वितरण गरिनेछ ।

क. दलित समुदायका विद्यार्थीहरू

ख. अपाङ्गता भएका विद्यार्थीहरू

ग. सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण गरेका र उच्च शिक्षामा विज्ञान विषय र प्राविधिक धारमा समेत सामुदायिक कलेजमा अध्ययन गरिरहेका विद्यार्थीहरू,

४. **छात्रवृत्ति रकम निर्धारण** : (१) छात्रवृत्ति रकम दफा ७ बमोजिमको छात्रवृत्ति छनौट तथा निर्धारण समितिको निर्णय बमोजिम हुनेछ ।

५. **आवेदन माग गरिने** :

५.१. छात्रवृत्ति वितरणका लागि गाउँपालिकाको वेबसाइटमा सूचना प्रकाशन गरी लक्षित समूहका विद्यार्थीसँग आवेदन माग गरिनेछ ।

५.२. उपदफा (१) बमोजिम प्रकाशित सूचनाका आधारमा लक्षित समूहका विद्यार्थीले अनुसूची (१) बमोजिमको ढाँचामा छात्रवृत्ति प्राप्त गर्नका लागि निवेदन पेश गर्नुपर्नेछ ।

६. **आवेदनका लागि आवश्यक योग्यता र मापदण्ड** : (१) दफा २ बमोजिमको मापदण्ड बमोजिम विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्नका लागि देहाय बमोजिमको योग्यता र मापदण्ड निर्धारण गरिएको छ ।

क. निज विद्यार्थी नियमित रूपमा सामुदायिक विद्यालय वा विश्वविद्यालयमा अध्ययन गरिरहेको व्यहोरा खुलेको सम्बन्धित शिक्षण संस्थाको सिफारिस पत्र । (यस्तो सिफारिस पत्रमा निज विद्यार्थी उक्त शिक्षण संस्थामा अध्ययन गरिरहेको बखत नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य कुनै निकाय सरकारी वा निजी संस्थाले प्रदान गर्ने कुनैपनि छात्रवृत्ति प्राप्त नगरेको व्यहोरा उल्लेख हुनुपर्ने)

ख. बर्जु गाउँपालिकाको स्थायी बसोबास खुल्ने नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

ग. सम्बन्धित वडाको सिफारिस पत्र ।

ग. निज विद्यार्थी दलित र अपाङ्गता भएको भनि सम्बन्धित वडाको सिफारिस पत्र ।

घ. निज विद्यार्थीले माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) को प्रमाणपत्र, कक्षा -१२ उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । साथै वार्षिक प्रणाली बमोजिम दोस्रो, तेस्रो, चौथो वा पाँचौ बर्षमा अध्ययनरत विद्यार्थीको हकमा अघिल्लो बर्षको मार्कसिटको प्रतिलिपि र सेमेस्टर प्रणालीको हकमा समेत अघिल्लो सेमेस्टरको मार्कसिटको प्रतिलिपि ।

ङ. बुबा आमा सरकारी सेवामा आवद्ध नरहेको अनुसूची २ बमोजिमको स्वःघोषणा ।

७. **छात्रवृत्ति छनौट तथा निर्धारण समिति** : (१) छात्रवृत्ति वितरणका लागि विद्यार्थीको नामावली छनौट गर्न गाउँपालिकामा देहाय बमोजिमको एक छात्रवृत्ति छनौट समिति रहनेछः-

क. गाउँपालिका अध्यक्ष –संयोजक

ख. गाउँपालिका उपाध्यक्ष - सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ. सामाजिक विकास समिति संयोजक –सदस्य

ङ. शिक्षा शाखा प्रमुख –सदस्य - सचिव

२.उपदफा ७ बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क. गाउँपालिकाको तर्फबाट छात्रवृत्तिको सूचना प्रकाशन गर्ने,

ख. विद्यार्थीले अध्ययन गरिरहेको संकायमा लागेको शुल्कका आधारमा छात्रवृत्ति रकमको निर्धारण गर्ने,

ग. विद्यार्थीबाट प्राप्त आवेदनको अध्ययन गरी छात्रवृत्ति वितरणका लागि निर्णय गर्ने,

८. **छात्रवृत्ति वितरण**: अनुसूची १ बमोजिम रितपूर्वक आवेदन दिइ कार्यालयबाट स्वीकृत भएका विद्यार्थीले अध्ययन गरेको विद्यालयको बैक खातामा रकम जम्मा गरिनेछ ।

९. कार्यविधिको संशोधन: यस कार्यविधिको संशोधन गर्ने अधिकार गाउँकार्यपालिकामा निहित रहनेछ ।

अनुसूची -१

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

छात्रवृत्तिका लागि कार्यालय समक्ष पेश गरिने निवेदनको ढाँचा

मिति :

.श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
बर्जु गाउँपालिका, सुनसरी ।

विषय: छात्रवृत्तिका लागि निवेदन पेश गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा तँहा कार्यालयबाट मिति...... मा प्रकाशित सूचना बमोजिम तपसिल बमोजिमको विवरण र संलग्न कागजातसहित गाउँपालिकाले उपलब्ध गराउने छात्रवृत्ति प्राप्त गर्नका लागि यो निवेदन पेश गरेको छु ।

१. अध्ययन गरिरहेको तह र विषय /संकाय :

२. अध्ययनरत संस्था/विश्वविद्यालयको नाम र ठेगाना :

३. अध्ययन शुल्क :

संलग्न कागजातहरू :

१. निवेदक अध्ययन गरिरहेको शैक्षिक संस्थाको तह,विषय/संकाय र अध्ययन शुल्क खुलेको सिफारिस पत्र,

२. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्र वा बर्जु गाउँपालिकामा स्थायी बसोबास खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

३. निवेदक आर्थिक तथा सामाजिक रूपले पछि परेको परिवारको सदस्य भनी सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (आर्थिक तथा सामाजिक रूपले पछि परेकाको हकमा )

४. अपाङ्गता परिचय पत्रको प्रतिलिपि (अपाङ्गता भएका विद्यार्थीको हकमा)

५. शैक्षिक प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

निवेदक

नाम :

हस्ताक्षर :

अनुसूची २

बुबा आमा सरकारी सेवामा  आवद्ध नरहेको स्वःघोषणा ।

मिति :

श्रीमान् कार्यालय प्रमुख ज्यू,
बर्जु गाउँपालिकाको कार्यालय
अमाहिवेल्हा ,सुनसरी ।

विषय : स्वः घोषणा सम्बन्धमा ।

म  बर्जु गाउँपालिका वडा नं .........सुनसरी स्थायी ठेगाना भइ बसोबास गर्दै आएका  यस परिवारका हामी बाबु ............र आमा.........हालसम्म सरकारी सेवामा आवद्ध नरहेको  तथा नीजि क्षेत्रमा रोजगारी गरी सामाजिक सूरक्षा योजनामा समेत आवद्ध नरहेको स्वःघोषणा गर्दछौं अन्यथा प्रमाणित भएमा कानून बमोजिम सहुँला ।

बुबा आमाको औठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |
| | |

आज्ञाले
सुधिर साफी
प्रमुख प्रशासकीय अधिकृत